# भेरीगंगा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

## साना परियोजना सहयोग कोष अन्तरगत परियोजना प्रस्ताव आह्वान सम्वन्धी सूचना

सूचना प्रकाशन मिति २०७७।०६।०६

यस भेरीगंगा नगरपालिकाले जी.आई.जेड. को स्थानीय तथा प्रादेशिक आर्थिक विका (एलपीईडी) परियोजना सँग स्थानिय आर्थिक विकासको लागि सहकार्य गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस नगरक्षेत्र भित्र दर्ता रही सञ्चालनमा रहेका सहकारी तथा उद्यमहरुलाई प्रतिस्पर्धात्मक बिधिबाट परियोजना प्रस्तावनाहरूको छनौट गरी सहयोग प्रदान गर्ने "साना परियोजना सहयोग कोष" कार्यक्रम संचालन गर्न गइरहेका छौं । यस कार्यक्रमअन्तर्गत स्थानीय आर्थिक विकासका लागि छनौट गरिएका मूल्यश्रृंखलाहरुःफलफूल तथा तरकारी, बाखा, कुखुरा, दुग्ध एवं पर्यटनको प्रवर्द्धन तथा कोभिड १९ र त्यस बाट स्थानिय आर्थिक विकासमा पर्न गएको असरलाई सम्बोधन गर्दै नयाँ उत्पादन वा सेवा सहितका नवीन व्यावसायिक अवधारणाहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्देश्य रहेको छ ।

यस "साना परियोजना सहयोग कोष" कार्यक्रम मार्फत सहकारी तथा उद्यमहरुले पेश गरेका परियोजना प्रस्तावको आधारमा ३ देखि ५ वटा सम्म परियोजनालाई (सहकारी तथा उद्यम बाट कम्तिमा एउटा प्रस्ताव छनौट गर्ने गरी) प्रति परियोजनारु ५ लाख देखि अधिकतम रु. १० लाखसम्म सहयोग प्रदान गरिनेछ ।

**प्रस्तावित परियोजनाहरुको मुल्यांकन निम्न शर्त एवं मापदण्डहरु अनुसार गरिने छ :**

१) यस भेरीगंगा नगरपालिका भित्र स्थापना, दर्ता गरिएका र सञ्चालनमा रहेका सहकारी वा उद्यमहरू

२) सहकारीहरूको हकमा, कुल प्रस्तावित परियोजनाको कम्तिमा २५% र उद्यमहरूका लागि कम्तिमा ५०% योगदान आवेदकबाट गर्नुपर्नेछ । सहयोग रकम परियोजना एवं व्यवसाय हेरी अधिकतम रु. १,०००,००० मा नबढने गरी प्रदान गरिनेछ ।

३) प्रत्येक सहकारी/उद्यमले केवल एउटा प्रस्ताव पेश गर्न सक्नेछ । यद्यपि, संयुक्त प्रस्तावहरूलाई प्रोत्साहित गरिनेछ ।

४) प्रस्तावित परियोजनाले कोभिड-१९ले ल्याएका आवश्यकताहरू एवं चुनौतीहरूलाई सम्बोधन गर्दै आर्थिक विकास/उद्यमविकासलाई सहयोग पुऱ्याउने उपायहरू निम्नबुँदाहरूसँग सम्बद्ध गराई सान्दर्भिकता प्रमाणित गर्नुपर्नेछ :

- नगरपालिकाका प्राथमिकता र प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरूसँग मेल खाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ । यस भेरीगंगा नगरपालिकाका प्रतिस्पर्धि लाभका क्षेत्रहरु :

  १.बाखापालन
  (बोयर बाखा, स्थानीयप्रजाती)

  २. डेरी (दुग्धजन्यप्रशोधन)
  खुल्ला दुध, पाश्चराईज्ड दुध
  (घिउ, पनिर, दहि)

  ३. कृषिः (तरकारी, फलफूल अदुवा तथा बेसार उत्पादन)
  (काउली, बन्दा, टमाटर, बीउ आलु, अदुवा, बेसार)

प्रमुख प्रशासकीय अधिकृत

- फलफुल तथा तरकारी, बाखा, कुखुरा, दुग्ध, एवं पर्यटन को मूल्यश्रृंखला विकासका लागि उत्पादन तथा प्रक्रिया( Product and Process Innovation)का नयाँ अवधारणाहरूलाई प्राथमिकता दिइनेछ ।
- प्रस्तावित परियोजनाले सहकारी/उद्यमहरूको व्यावसायिक बृद्धिकालागी सहयोग पुऱ्याउनेछ ।
- प्रस्तावित परियोजनाले आर्थिक र वातावरणीय दिगोपना सुनिश्चित गर्नेछ ।
- महिला र स्वदेश फर्केका कामदारहरूसहित विपन्न समूहहरूका लागि आर्थिक र सामाजिक समावेशीकरणमा योगदान पुऱ्याउनेछ ।

५) प्रस्तावक सहकारीहरूमा कम्तिमा २५% सदस्यहरू पछि परेका समूदाय(Disadvantaged Groups) बाट हुनुपर्नेछ ।

६)महिला तथा पछि परेका विपन्न समूहबाट नेतृत्व गरिएका उद्यमहरूलाई प्राथमिकता दिइनेछ ।

उक्त मापदण्डहरु भित्र रही प्रतिस्पर्धामा भाग लिन ईच्छुक सहकारी/उद्यमहरुले यस नगरपालिकाले यस कार्यक्रमको लागि उपलब्ध गराउने परियोजना प्रस्ताव फाराम भरी प्रस्तावसँगै निम्नानुसारका कागजपत्रहरु सहित यो सुचनाप्रकाशनभएको मितिले २१ दिन भित्र(२१ औं दिनशनिवार वा बिदा परेमा वा कुनै कारणले कार्यालय बन्द भएमा सो को भोलिपल्ट) आवेदन दिनु पर्नेछ :

- सहकारी / व्यवसाय दर्ता प्रमाणपत्रहरु (२०७७ श्रावण मसान्त सम्ममा दर्ता भएको)
- भेरीगंगा नगरपालिकामा दर्ता/नविकरण
- PAN दर्ता प्रमाणपत्र
- कर छुट वा कर चुक्ता प्रमाणपत्र (२०७६ श्रावण देखि २०७७ श्रावण मसान्तसम्मदर्ता भएको सहकारी / व्यवसायको हकमा PAN दर्ता प्रमाण पत्र र २०७६ असार मसान्तसम्मदर्ता भएको सहकारी / ब्यवसायको को हकमा कम्तिमा आ व २०७५।७६ सम्मको कर चुक्ता प्रमाण पत्र )
- सहकारीको हकमा कारोवार क्षेत्र खुल्ने कागजातहरु (विनियम को सम्बन्धित पेजको प्रतिलिपि) एवं आ. व. २०७५।७६ साधारण सभाको निर्णयको प्रतिलिपि ।
- वडाको शिफारिस पत्र ।

उल्लेखित कागजातहरु संलग्न नगरिएका प्रस्तावहरु छनौट प्रक्रियामा सहभागी गराईने छैन । परियोजना प्रस्ताव फाराम यस भेरीगंगा नगरपालिका "साना परियोजना सहयोग कोष" कार्यक्रमका सम्पर्क ब्यक्ति श्री गजेन्द्र कुमार जि.सी. (इमेल:bherigangaskt@gmail.com मो. नं.९८५८०५२२५३) वा उद्योग विकास शाखा (सहकारी, अटो) ९८४८०३८९४५ मार्फत वा स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनाका स्थानीय प्रतिनिधि श्री सन्तोष कुमार पौडेल बाट ईमेल santosh.paudel@giz.deमार्फत प्राप्त गर्न सकिनेछ । परियोजना प्रस्ताव फाराम यस भेरीगंगा नगरपालिकाको वेबसाईट **www.bherigangamun.gov.np**बाट डाउनलोड पनि गर्न सकिने छ ।

सुचना प्रकाशन मिति : २०७७।०६।०६

प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७७।०६।२६ (कार्यालय समय भित्र)

प्रस्ताव फाराम भरी तोकिएका कागजातहरु सहित bherigangaskt@gmail.com र santosh.paudel@giz.de मा इमेल गरि आवेदन दिनु पर्नेछ । साथै आवेदन यस नगरपालिकाको उद्योग विकास शाखामा आफ्नो संस्थाको नाम, ठेगाना र सम्पर्क नं सहित सिलवन्दि गरी समेत पेश गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत